## श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय प्रवन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१७ सालको ऐन नं. २६

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वि राजन्य नेपाल तारा अतिओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम् ।

### श्री ५ को सरकारलाई सरोकार पर्ने मुद्दाका सम्बन्धमा व्यवस्था गर्ने ऐन

#### प्रस्तावना

नेपाल अधिराज्यमा हाल प्रचलनमा रहेका नेपाल कानून बमोजिम श्री ५ को सरकार वादी हुने भनी किटी लेखिएका ठूला ठूला मुद्दामासमेत सर्वसाधारण जनता आफैंले नै धेरैजसो सबूद प्रमाण जुटाउन परिरहेको र पर्याप्त सबूद प्रमाणका अभावमा मुद्दा हारेमासमेत झुट्टा पोल उजूर गरे वापत श्री ५ को सरकार वादी मानिए तापनि अन्य मुद्दाका हार्ने वादी जस्तै सजाय भागी भइरहेको; र

त्यस्तो श्री ५ को सरकार वादी हुने मुद्दामा सकभर कार्यपालिकातर्फका अधिकारीहरूबाट यथोचित प्रारम्भिक तहकिकात वा जांच बूझ र अदालतमा मुद्दा चल्दा यथोचित प्रतिनिधित्व भइदिएमा झुट्टा मुद्दा गर्नेको संख्या कम हुंदै जाने र क्षतिवाला व्यक्तिलाई मुद्दाको पैरवीमा सहलियत र अदालतमा न्याय सम्पादन सहज तरीकाले गर्न सहायतासमेत हुन जाने भएको; र

त्यस्तै श्री ५ को सरकार वा सरकारी काम कारवाइमा सरकारी कर्मचारी प्रतिवादी हुने मुद्दाको प्रतिरक्षा पनि यथोचित ढङ्गबाट हुनु सार्वजनिक हितमा आवश्यक भएको; र

यी सब काम कुराका लागि अधिकारी वर्गलाई कानूनी राय सल्लाह दिई मुद्दा परेमा त्यसको सुचारुरूपले परिचालनसमेत गरी न्याय प्रशासन सुदृढ पार्नमा अधिकाधिक सहयोग दिने गर्न सरकारी वकीलकोसमेत समुचित व्यवस्था गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधानको धारा ५५(१)(ख) बमोजिम यो ऐन बनाई जारी गरिबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन सम्बत् २०१८ साल वैशाख १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) 'सरकारी वकील" भन्नाले एटर्नी–जनरल, गभर्नमेंट एडभोकेट, गभर्नमेंट प्लीडर, पब्लिक प्रोसिक्यूटर, एसिष्टेंट गभर्नमेंट प्लीडर र एसिष्टेंट पब्लिक प्रोसिक्यूटरलाई जनाउंछ ।

(ख) "अदालत" भन्नाले न्यायाधीशको इजलासलाई र कुनै मुद्दाको सम्बन्धमा न्यायिक काम गर्ने प्रचलित नेपाल कानून बमोजिम वा सो अन्तर्गत अधिकार प्राप्त अधिकारीलाईसमेत जनाउंछ ।

(ग) "अनुसूची" भन्नाले यो ऐनको अनुसूची संझनु पर्छ ।

३. फौजदारी मुद्दाको तहकिकात र दायरीः (१) अनुसूची १ मा लेखिएको कुनै मुद्दा चलाउन चाहने व्यक्तिले तत्सम्बन्धी अपराधबारे आफूसंग भएको वा आफूले देखे जानेसम्मको सबूद प्रमाण खुलाई नजिकको पुलिस थाना, चौकीमा लिखित दर्खास्त वा मौखिक सूचना दिनु पर्छ । मौखिक सूचना दिएकोमा पुलिस कर्मचारीले त्यस्तो व्यक्तिको कुरा दर्खास्तको रूपमा लेखी निजको सहिछाप गराई लिनु पर्छ ।

(२) उपदफा (१) बमोजिम वा अरू कुनै प्रकारले त्यस्तो अपराध भएको थाहा पाएमा वा शंका हुने पर्याप्त कारण भएमा सम्बन्धित पुलिस कर्मचारी तथा पब्लिक प्रोसिक्यूटरले तुरून्त त्यस सम्बन्धमा मौका तहकिकात वा सरजमीन गर्नेछन् र अन्य आवश्यक सबूद प्रमाणको संकलन पुलिस कर्मचारीद्वारा हुनेछ ।

(३) अनुसूची १ मा लेखिएको अपराध सम्बन्धी मौका तहकिकात वा सरजमीन गर्ने कुराका सम्बन्धमा प्रचलित नेपाल कानून अन्तर्गत अधिकार प्राप्त अधिकारीको सबै अधिकार यो ऐन प्रारम्भ भएपछि सम्बन्धित पुलिस कर्मचारी तथा पब्लिक प्रोसिक्यूटरले प्रयोग गर्नेछन् ।

तर त्यस्तोमा कुनै प्रकारको सजाय दिने अधिकारको प्रयोग मौका तहकिकात वा सरजमीन गर्ने पुलिस कर्मचारी तथा पब्लिक प्रोसिक्यूटरले गर्नेछैनन् ।

(४) उपदफा (३) अन्तर्गत यथाशीघ्र मौका तहकिकात, सरजमीन वा अन्य सबूद प्रमाण संकलन गरी त्यसका आधारमा–

(क) अपराध भएको र सबै वा केही अभियुक्त उपर मुद्दा चलाउन सबूद प्रमाण पुग्ने देखिएकोमा कुन कानून अन्तर्गत के कस्को उपर कुन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अभियोगमा मुद्दा चलाउनु पर्ने हो सो । त्यस्तोमा सबूद प्रमाण नपुग्ने देखिएको अभियुक्तका हकमासमेत सोही कुरा स्पष्ट खोली; र

(ख) अपराध नभएको देखिएकोमा सोही कुरा र अपराध भएको भए पनि अभियुक्त यही हो भन्ने खुल्न नसकेको वा कुनै पनि अभियुक्त उपर मुद्दा चलाउन सबूद प्रमाण नपुग्ने देखिएकोमा सोही व्यहोरा स्पष्ट खुलाई ।

पब्लिक प्रोसिक्यूटर मार्फत अदालतमा पुलिस रिपोर्ट र पुलिसको हिरासतमा रहेका अभियुक्तसमेत दाखिल गर्नु पर्छ । अदालतले पनि सो पुलिस रिपोर्टबाट मुद्दाको कारवाइ शुरू गर्नु पर्छ । त्यस्तो सबै मुद्दामा श्री ५ को सरकार वादी मानिने र पोल उजूर गरी दर्खास्त गर्ने व्यक्ति वादी पक्षको गवाहको रूपमा रहनेछ ।

(५) उपदफा (३) र (४) बमोजिमको कारवाइ गर्दा कुनै अभियुक्तका विरुद्ध मुद्दा चलाउन सबूद प्रमाण नपुग्ने देखिएकोमा त्यस्ता अभियुक्तलाई पछि अदालतबाट खोजी भएका बखत उपस्थित हुने हाजीर जमानीको कागज गराई सम्बन्धित पुलिस कर्मचारी र पब्लिक प्रोसिक्यूटरले छाड्न हुन्छ ।

(६) उपदफा (४) अन्तर्गत अदालतमा प्रस्तुत भएको पुलिस रिपोर्टमा उल्लिखित अपराधको अभियोग वा अभियुक्त बारे अदालतले आवश्यकतानुसार आफैं वा अन्य पुलिस कर्मचारी वा पब्लिक प्रोसिक्यूटरद्वारा प्रचलित नेपाल कानून बमोजिम पुनः तहकिकात गरी गराई मुद्दामा पूरा तवरले इन्साफ गर्न यो दफामा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन ।

४. <u>देवानी वा स्रेस्ता सम्बन्धी मुद्दाको जांचबूझ र दायरीः</u> (१) अनुसूची २ मा लेखिएको कुनै मुद्दा चलाउन चाहने व्यक्तिले त्यस्तो मुद्दाका विषयमा आफूसंग भएको वा आफूले देखे जानेसम्मको सबूद प्रमाण खुलाई गभर्नमेंट प्लीडरलाई लिखित दर्खास्त वा मौखिक खबर दिनु पर्छ । मौखिक खबर दिएकोमा गभर्नमेंट प्लीडरले त्यस्तो व्यक्तिको कुरा दर्खास्तको रूपमा लेखी निजको सहिछाप गराई लिनु पर्छ ।

(२) उपदफा (१) बमोजिम आफू कहां पर्न आएको दर्खास्त गभर्नमेंट प्लीडरले श्री ५ को सरकारलाई यस सम्बन्धमा नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकेको अफिसरछेउ तुरून्त पठाइदिनु पर्छ । त्यस्ता सम्बन्धित अफिसरले आवश्यकतानुसार नापी नक्शा वा अरू प्रशासकीय जांचबूझ गरी गभर्नमेंट प्लीडरको कानूनी रायसमेत लिई मुद्दा चलाउने वा नचलाउने निकासाका लागि यो ऐन अन्तर्गतको नियममा तोकिए बमोजिम आफ्नो विभागीय प्रमुख वा श्री ५ को सरकारमा रिपोर्ट पठाउनु पर्छ ।

(३) कसैको दर्खास्त नपरे पनि कुनै सम्बन्धित अफिसर आफले उपदफा (१) मा लेखिएको मुद्दा चलाउनु पर्ने देखेमा उपदफा (२) अनुसार रिपोर्ट पठाउन सक्तछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (२) वा (३) बमोजिम पठाइएको रिपोर्टमा निकासा दिने अधिकारीबाट मुद्दा चलाउने निकासा भई अदालतमा मुद्दा दायर गर्नु पर्दा गभर्नमेंट प्लीडरद्वारा फिरादपत्र दायर हुनेछ। त्यस्तो सबै मुद्दामा श्री ५ को सरकार वादी र दर्खास्त गर्ने व्यक्ति वादी पक्षको गवाहको रूपमा रहनेछ।

५. अपील वा रिभ्यू गर्दा गर्ने: (१) कुनै मुद्दामा श्री ५ को सरकारका तर्फबाट सम्बन्धित अदालतमा अपील वा रिभ्यू वा तत्सम्बन्धी कुनै निवेदन गर्नु पर्दा श्री ५ को सरकारको वा यस कामको निमित्त श्री ५ को सरकारबाट तोकिएका अधिकारीको स्वीकृति लिई सरकारी वकीलद्वारा गर्नु पर्छ।

तर– श्री ५ को सरकारले कुनै अवस्थामा वा कुनै मुद्दाका सम्बन्धमा त्यस्तो स्वीकृति लिइरहनु नपर्ने गरी अधिकार दिन सक्नेछ।

(२) सरकारी काम कारवाइको सम्बन्धमा कुनै सरकारी कर्मचारी वादी वा प्रतिवादी भई चलेको मुद्दामा अपील वा रिभ्यूको निवेदन गर्न पर्ने अवस्था वादी वा प्रतिवादी भएको कर्मचारी त्यस पदमा रहेनछ भने त्यस पदमा बहाल रहेका कर्मचारीको नामबाट अपीलपत्र वा रिभ्यूको निवेदन दर्ता हुन सक्नेछ।

६. श्री ५ को सरकार वा सरकारी कर्मचारी उपर नालेश उजूर दिने र समन इतलायनामा इत्यादि तामेल गर्ने: (१) श्री ५ को सरकार उपर नालेश वा उजूर गर्दा श्री ५ को सरकार प्रतिवादी भनी लेखे पुग्छ।

(२) उपदफा (१) बमोजिमको मुद्दामा सरकारी वकील मार्फत श्री ५ को सरकारलाई इतलायनामा वा सूचना तामेल गरिनेछ।

(३) सरकारी काम कारवाइका सम्बन्धमा कुनै सरकारी कर्मचारी उपर नालेश वा उजूर परेकोमा सम्बन्धित कर्मचारी वा निजको सट्टामा काम गर्ने कर्मचारीकहां समन इतलायनामा वा सूचना पठाउनु पर्छ। त्यस्तो समन इतलायनामा वा सूचनामा पद र अफिसको ठेगानासम्म लेखे पुग्छ।

तर सरकारी वा गैर सरकारी कामको सम्बन्धमा कुनै सरकारी कर्मचारी उपर व्यक्तिगत तवरबाट पर्न आएको नालेश वा उजूरीको समन इतलायनामा वा सूचना पठाउनेमा यो दफाको कुनै कुरा लागू हुनेछैन।

७. म्याद दिने: (१) श्री ५ को सरकारले वा सरकारी कामकारवाइका सम्बन्धमा सरकारी कर्मचारीले चलाएको वा श्री ५ को सरकार उपर वा सरकारी काम कारवाइका सम्बन्धमा सरकारी कर्मचारी उपर परेको मुद्दामा अदालतले मनासिब संझेको म्याद तोकी समन इतलायनामा वा सूचना पठाउनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्याद नपुगी थप म्यादका लागि सरकारी वकील वा सम्बन्धित कर्मचारीले निवेदन गरेमा अदालतले आवश्यकतानुसारको म्याद थप गर्न सक्नेछ।

(३) श्री ५ को सरकारकातर्फबाट कुनै व्यक्तिको नाउंमा देवानी वा स्रेस्ता सम्बन्धी विषयमा नालेश गर्नु पर्ने भएमा प्रचलित नेपाल कानूनले सो विषयमा श्री ५ को सरकारले नालेश उजूर गर्न हद म्याद तोकिएको भए सोही हद म्यादभित्र र त्यस्तो हद म्याद नतोकिएकोमा सो नालेश गर्नु पर्ने भएको कुरा श्री ५ को सरकारलाई थाहा भएको मितिले दुइ वर्षभित्र नालेश गर्नु पर्छ।

स्पष्टीकरणः श्री ५ को सरकारको सम्बन्धित प्रशासकीय अफिसले थाहा पाएकोलाई श्री ५ को सरकारले थाहा पाएको मानिने छ।

(४) अनुसूची १ मा लेखिएको मुद्दामा पुलिस कर्मचारीद्वारा पक्राउ भएको व्यक्तिलाई प्रचलित नेपाल कानूनको म्याद भित्र अधिकार प्राप्त अदालतमा उपस्थित गरी तहकिकात कारवाइ गर्नका लागि म्याद मागेको अदालतले मनासिब ठहराएमा एक पटकमा पन्ध्र दिनमा नबढाई र जम्मा पच्चीस दिनसम्मको म्याद थप दिन सक्नेछ। त्यसरी म्याद थप भएकोमा सो म्यादसम्म त्यस्तो अभियुक्त पुलिसको हिरासतमा रहन सक्नेछ।

तर त्यस्तो म्याद थपका निमित्त अभियुक्तलाई पहिलो पटक अदालतमा उपस्थित गराउंदा निजको कागज भइसकेको हुनु पर्छ।

८. पोल उजूर गरे वापतको सजायमा छुट्: अनुसूची १ वा २ मा लेखिएको मुद्दामा झुट्टा पोल उजूर गरे वापतको सजाय हुनेछैन।

तर आफू गवाह भई श्री ५ को सरकार, पुलिस कर्मचारी वा अन्य अधिकारीलाई विश्वास पर्ने किसिमसंग कुरा वा सबूद प्रमाण देखाई पोल उजूर गरेकोबाट दफा ३ वा ४ बमोजिम अदालतमा मुद्दा चलिसकेपछि सो कुरा वा सबूद प्रमाण झुट्टा वा बनावटी हो भन्ने देखिएमा सो मुद्दाको निर्णय हुंदा अदालतले—

(क) त्यस्तो झुट्टा कुरा लेखिदिने वा बनावटी प्रमाण पेश गर्ने गवाहलाई झुट्टा गवाही दिए वापत प्रचलित नेपाल कानूनले हुने सजाय त्यसै मुद्दाबाट गर्न सक्तछ, र

(ख) त्यस्तो झुट्टा कुरा लेखिदिने वा बनावटी प्रमाण पेश गर्ने कास पोल उजुर गर्ने गवाहले मनासिब माफिकको कारण नभई रीस इबीले गरेको भन्ने अदालतलाई लागेमा जित्ने प्रतिवादीलाई त्यस्ता गवाहबाट मुद्दाको अवस्था विचार गरी एक हजार रुपैयांसम्म क्षतिपूर्ति त्यसै मुद्दाबाट भराई दिन सक्तछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. एसिष्टेन्ट गभर्नमेंट प्लीडर र एसिष्टेंट पब्लिक प्रोसिक्यूटरले गर्न हुने: यो ऐन वा यस ऐन अन्तर्गतको नियम वा अन्य प्रचलित नेपाल कानून बमोजिम गभर्नमेंट प्लीडरको अधिकार तथा कर्तव्य एसिष्टेंट गभर्नमेंट प्लीडरले र पब्लिक प्रोसिक्यूटरको अधिकार तथा कर्तव्य एसिष्टेन्ट पब्लिक प्रोसिक्यूटरले प्रयोग तथा पालन गर्न सक्नेछन् ।

१०. नियम बनाउने अधिकार: (१) यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्तछ ।

(२) उपनियम (१) मा लेखिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी देहायका विषयहरूमा नियम बन्न सक्नेछन्:–

(क) सरकारी वकीलको सेवा शर्त र काम कर्तव्य तोक्ने, र

(ख) श्री ५ को सरकारलाई सरोकार पर्ने मुद्दा चलाउने र प्रतिरक्षा गर्ने ।

११. अरूमा प्रचलित नेपाल कानून बमोजिम हुने र बचाउ: (१) यो ऐन वा यस ऐंन अन्तर्गतको नियममा लेखिएदेखि बाहेक अरू कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

(२) नेपाल अधिराज्यको संविधानको धारा ५५ (४) बमोजिम यो ऐन निस्क्रिय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरेको सरह मानी नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

## अनुसुची–१

१. राजगद्दी वा राजपरिवारको गाथ सम्बन्धी मुद्दा ।

२. राजकाज सम्बन्धी मुद्दा ।

३. ज्यानमारा ।

४. ज्यानमार्नाको उद्योग ।

५. कुनै तवरले ज्यान मर्ने जस्तो शंका देखिए प्रचलित नेपाल कानूनका म्यादसम्म ।

६. आफ्ना स्वास्नी बाहेक अरू स्वास्नी–मानिसको जबर्जस्ती करणी मुद्दा ।

७. डांका, रहजनी वा अरू कुनै प्रकारको चोरी ।

८. घरमा वा सरकारिया कागजपत्रमा आगो लगाएको मुद्दा ।

९. गोबध ।

१०. सरकारी वा अरू सार्वजनिक धन माल नोक्सान वा हिनामिना गरेको मुद्दा ।

११. बन्दूक खरखजाना सम्बन्धी मुद्दा ।

१२. खोटा टक मारेको वा खोटा चलन गरेको मुद्दा ।

१३. सरकारिया छाप दस्तखत वा सो छाप दस्तखत भएको कागज वा सरकारिया काममा कुनै अफिसरको छाप दस्तखत भएको कागज किर्ते गर्नु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१४. सनातन धर्म विरुद्ध विधर्मी मत प्रचार गर्ने, कसैको धर्म परिवर्तन गर्ने गराउने, वा सो कुराको उद्योग गरेको ।

१५. बाह्रमासे जूवा खेलेको मुद्दा ।

१६. यो ऐन बमोजिम श्री ५ को सरकार वादी हुने भनी श्री ५ को सरकारले समय समयमा नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकेको अरू कुनै फौजदारी अपराध सम्बन्धी मुद्दा ।

## अनुसूची–२

(दफा ४ र ८ संग सम्बन्धित)

१. सरकारी जग्गा दपोट ।

२. तिरो दपोट ।

३. जग्गा जमीन गोस्वाराको ऐनको १६ र १७ नम्बरमा लेखिएको मुद्दा ।

४. अदलको ऐनको २१ र २२ नम्बरमा लेखिएको मुद्दा ।

५. साहू असामीको ऐनको ३९ नम्बरमा लेखिएको मुद्दा ।

६. जग्गा बिराउनेको ऐनको १२ नम्बरमा लेखिएको मुद्दा ।

७. जग्गा पजनीको ऐनको ३१ नम्बरमा लेखिएको मुद्दा ।

८. अपुतालीको ऐनको १७, १९ र २१ नम्बरमा लेखिएको मुद्दा ।

९. कल्याण धनको ऐनको १ नम्बरमा लेखिएको मुद्दा ।

१०. चौपायाको ऐनको ६ नम्बरमा लेखिएको मुद्दा ।

११. सरकारी रकम कलम दबाएको वा सरकारी हक दैया लाग्ने कुरा कायम गर्ने विषयको मुद्दा ।

१२. यो ऐन बमोजिम श्री ५ को सरकार वादी हुने भनी श्री ५ को सरकारले समय समयमा नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकेको अरू कुनै देवानी वा स्रेस्ता सम्बन्धी विषय मुद्दा ।

लालमोहर सदर मितिः ०१७।११।६।६.

आज्ञाले,

उदयप्रसाद उपाध्याय

श्री ५ को सरकारका का. मु. सचिव,

कानून, न्याय तथा संसदीय प्रवन्ध मन्त्रालय ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।